# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः८) पञ्चकन्या, कार्त्तिक महिना ३० गते, २०८१ साल (संख्याः ६**


**भाग–२**

## घ्याङस्वारा भैंसिपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना:** भैंसी पालनबाट आन्तरिक रोजगारी तथा चिया खेतीको लागि आवश्यक प्राङगारीक मल तथा पालिकाको सेवाग्राही तथा पाहुनालाई दुध तथा चिया खुवाउने अभिप्रायले कार्यक्रम स्वीकृत भए बमोजिम भैंसी पालन कार्यक्रम संचालन गर्न यो भैंसी पालन कार्यक्रम संचालन कार्यविधि,२०८१ तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"घ्याङस्वारा भैंसीपालन कार्यक्रम संचालन कार्यविधि, २०८१"** रहेको छ ।

२. यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२ परिभाषा :** (१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"घ्याङस्वारा भैंसी पालन कार्यक्रम "** भन्नाले पञ्चकन्या गाउँपालिकाको घ्याङस्वारा पर्यटकीय  पार्कको लागि आवश्यक प्राङगारीक मल र दुध उत्पादन ,बिक्री/उपभोग एंव पर्यापर्यटनमा सहयोग  पुर्याउन कार्यक्रम सम्भनु पर्दछ ।

(ख) **"घ्याङस्वारा"** भन्नाले पञ्चकन्या गाउँपालिका वडा नं.४ मा रहेको घ्याङस्वारा सहिद स्मारक पर्यटकीय पार्क सम्भनुपर्छ ।

**३. उद्देश्य (१)** यस कार्यविधिका देहाय बमोजिम उदेश्यहरु रहनेछन ।

(क) भैंसीपालन गरी प्राङगारीक मल उत्पादन गर्ने ।

(ख) प्राङगारीक मल चिया खेती र अन्य फलफुलमा प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने ।

(ग) दुधबाट उत्पादन  उपभोग र आवश्यकता अनुसार बिक्री वितरण  गर्ने ।

ङ) गाउँपालिकाबाट खरिद गरिने प्राङगारीक मल न्यूनिकरण गर्ने ।

च) वृहत **घ्याङस्वारालाई एग्रो फारमिङको रुपमा सहयोग पुर्याउर्ने ।**

**४.कार्यक्रमको विवरण** (१) यो कार्यक्रम पञ्चकन्या गाउँपालिकाको वडा नं. ४ घ्याङस्वारामा संचालन गरिनेछ ।

(२) यो कार्यक्रमबाट आन्तरिक रोजगारी सृजना गरि पर्यटन प्रवर्द्धनमा सहयोग गरिनेछ ।

(३) यो कार्यक्रमले पञ्चकन्या गाउँपालिकाको घ्याङस्वारा सहिद स्मारक पर्यटकीय पार्क भित्र रहेको चिया खेतीलाई उत्पादन र पर्यटन  प्रवर्द्धन गरि पञ्चकन्या गाउँपालिकाको मुल नारा **"पर्यटन, पुर्वाधार,कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञानः समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान"** मा महत्वपुर्ण सहयोग पुर्याई आन्तरिक तथा वाह्य पर्यटनलाई घुम्नको लागि अभिप्रेरित गरिने छ ।

## परिच्छेद-२

## घ्याङस्वारा भैंसी पालन कार्यक्रम सञ्चालन प्रकिया

५. घ्याङस्वारा भैंसी पालन कार्यक्रमको लागि एक जना कृषक भैंसीको रेखदेख, हेरचाह र कामको लागि गाउँ कार्यपालिकाबाट निर्णय गराई १ एक जना कर्मचारी राखिनेछ ।

१.कर्मचारीको योग्यता देहाय बमोजिम हुनेछ ।

(क) भैंसीपालन कार्यमा अनुभव व्यक्ति ।

(ख) भैंसीपालन सम्बन्धी ज्ञान र गोठ सुधार सम्बन्धी काम गर्ने व्यक्ति ।

(ग) गाउँकार्यपालिकाले आवश्यक ठहरयाएको अन्य योग्यता

**६. पारिश्रमिक : सेवा सुविधा** गाउँकार्यपालिकाको निर्णय बमोजिम रहने छ ।

**७.कार्यक्रम सञ्चालन :**

(१) यस कार्यक्रम पञ्चकन्या गाउँपालिका घ्याङस्वारामा सञ्चालन हुनेछ ।

(२) भैंसीपालनको लागि आवश्यक गोठ पालिकाले निर्माण गरिनेछ ।

(३) आवश्यक भैंसी खरिद वार्षिक बजेट अनरुप खरिद गरिनेछ ।

**८.सम्झौता :** गाउँकार्यपालिकाले छनौट गरिएको कर्मचारीको अनुसुचि-१ बमोजिम करार सम्झौता गर्ने छ ।

## परिच्छेद-३

## अनुगमन, मुल्याङकन तथा अभिलेख

**९.अनुगमन, मूल्याङकन तथा अभिलेख व्यवस्था :** (१) भैंसीपालक कर्मचारीले हेरचाह रेखदेख देखि उत्पादन अभिलेख राख्नुपर्नेछ ।

(२) यस कार्यविधि अनुसार संचालन गरिएका कार्यक्रमको अनुगमन तथा मूल्याङकनको मुख्य जिम्मेवारी पञ्चकन्या गाउँपालिका अनुगमन समिति, रोजगार सेवा केन्द्र, पशु सेवा शाखा, सम्बन्धित वडा कार्यालय सँग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविध

**१०.आर्थिक पक्ष :** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने कार्यक्रमको आर्थिक पक्ष कार्यक्रम कार्यन्वयन अनुसार व्यवस्था भए बमोजिम हुनेछ । गाउँ कार्यपालिकाबाट छनोट भएको कर्मचारीको सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक रुपमा मासिक भुक्तानी बैंक खाता मार्फत गरिनेछ ।

**११.गुनासो तथा उजुरी :** (१) यस कार्यक्रम सञ्चालन सँग सम्बन्धीत कुनै किसिमका उजुरी वा गुनासोहरु नियम अनुसार व्यवस्थापन गरिनेछ ।

**१२. अमान्य हुने :** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुने :** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछ ।

**१४. बाधा अड्काउ फुकाउने :** (१) यो कार्यविधि कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यापालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१५. खारेजी तथा संशोधन :** गाउँपालिकाको आवश्यक्ता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

# अनुसूचि -१

## सेवा करार सम्झौता पत्र

पञ्चकन्या गाउँपालिकाको कार्यालय नुवाकोट पहिलो पक्ष, हाल ................मा वस्ने श्री ..........दोश्रो पक्ष भनिने छ । दुवै पक्षको सेवा करार सम्झौता तपसिल अनुसार गरी एक अर्कालाई पञ्चकन्या गाउँपालिकाको निर्णयनुसार काम तथा सेवा प्रदान गर्न तपशिलका शर्त हरुको अधिनमा रहि एक आपसमा सहिछाप गरी यो सम्झौता गरी लियौं दियौं ।

**शर्तहरुः**

१. **गर्नु पर्ने कामको विवरण**ः पञ्चकन्या गाउँपालिकाले सञ्चालन गरेको **घ्याङस्वारा भैंसी पालन कार्यक्रमको घ्याङस्वारा भैंसीगोठमा** कार्य गर्नु पर्ने छ ।
२. **काम गर्नु पर्ने स्थान** :पञ्चकन्या गाउँपालिका वडा नं. ४ **घ्याङस्वारा** ,नुवाकोट ।
३ **जवाफदेहिता** :पञ्चकन्या गा.पा गाउँ कार्यपालिका प्रति जवाफदेही हुनुपर्नेछ ।
४ **सेवा करारमा काम गरे वापत पाउने रकम** : दाश्रो पक्षले मासिक पारिश्रमिक **गाउँ कार्यपालिकाको निर्णय अनुसार** मात्र मासिक पारिश्रमिक रुपमा उपलब्ध गराउने छ ।
५. दोश्रो पक्षले सेवा सम्वन्धि प्रचलित कानुनमा व्यवस्था भएका आचरणका कुराहरु पालना गर्नु पर्ने छ ।
६. भैसि सम्बन्धी रेखरेद गर्नुपर्ने छ । साथै भैसिको लागि आवश्यक दाना पानी र औषधी लागी कार्यालयबाट आवश्यक जानकारी गराई ब्यवस्थापन गर्नेपर्ने छ ।
७ भैंसि विरामी भएमा यस गाउँपालिकाको पशुप्राविधीकलाई तुरुन्त जानकारी गराउनुपर्ने छ ।
८. दोश्रो पक्षले पहिलो पक्षको चल अचल सम्पति हानि नोक्सानि वा हिना मिना गरेमा वा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी हराएमा वा चोरी भएमा क्षतिपुर्ति वा हानी नोक्सानि वमोजिमको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनुपर्छ ।
९. सेवा करारमा काम गर्ने व्यक्तिले कार्यालयको गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा अन्य श्रोतलाई उपलव्ध गराएको प्रमाणित भएमा सेवा वाट हटाई सो वाट भएको हानि नोक्सानि दोश्रो पक्षलाई पहिलो पक्षले असुल उपर गर्नेछ ।
१०. पहिलो पक्ष र दोश्रो पक्ष विच यस सम्झौता संग सम्वन्धित विषयमा विवाद भएमा आपसि सहमति द्धारा विवाद समाधान गरीने छ ।
११. सम्झौता अवधिमा सम्झौता भंग गर्नु परेमा कम्तिमा १ महिनाको समय दिई एक पक्षले अर्का पक्षलाई लिखित सुचना दिनुपर्नेछ ।
१२. दोश्रो पक्षले शारीरीक वा मानसिक अवस्थाको कारण तोकिएको सेवा उपलव्ध गराउनु असमर्थ भएमा वा नियमित काम सन्तोष जनक नभएमा वा आचरण सम्वन्धि कुराहरु उलङघन् गरेमा पहिलो पक्षले सम्झौता भङ्ग गरी दोश्रो पक्षलाई तुरुन्त हटाउन सक्नेछ । यस्तो अवस्थामा सम्झौताको दफा १२ आकर्षित हुने छैन ।
१३. यो ***सम्झौता ................................................ मसान्त*** सम्म लागु हुनेछ ।
१४. यो सम्झौता उल्लेख गरीएको बाहेक अन्य विषयका वारेमा नेपाल सरकारले प्रचलीत ऐन नियम तथा कानुन वमोजिम हुनेछ ।

**दाश्रो पक्षको तर्फवाट :**

हस्ताक्षर :
नाम :
पद
कार्यालय : पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,नुवाकोट

**पहिलो पक्षको तर्फवाट :**

**हस्ताक्षर :**
**नाम :**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**कार्यालय : पञ्चकन्या गाउँपालिका,**

**आज्ञाले**
**कृष्णहरि पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**